## Information Sheet for Local Stakeholder Consultation and Design Consultation for Gold Standard Programme of Activities

| | |
|---|---|
| **Title of the PoA** | Promoting sustainable use of biomass energy resources in targeted communities |
| **Coordinating and Managing Entity** | Value Network Ventures Advisory Services Pte. Ltd. |
| **PoA Participant** | Environment Protection Center, Nepal |
| **Date of Invitation Planned** | 05 July 2022 |
| **Date of Meeting Planned** | 05 August 2022 |
| **Scope of Meeting** | Programme information sharing & sensitization<br>Local Stakeholder Consultation<br>Design Consultation |
| **Meeting Objectives** | - To inform stakeholders about the planned implementation of proposed Gold Standard PoA<br>- To seek stakeholder inputs on the PoA design and implementation approach<br>- To inform stakeholders about the pre-requisite to participate in the PoA<br>- To understand stakeholder perspective on the safeguards assessment and assessment of the SDGs |
| **Applicable GS standard** | GS4GG Principles and Requirements (version 1.2)<br>GS4GG Stakeholder Consultation and Engagement Requirement (version 2.1)<br>GS4GG Community Services Activity Requirements (version 1.2) |
| **Project Stage** | Conceptual Design and Consultation |
| **Purpose of this Information Sheet** | Advance circulation of information to the stakeholders for the planned meeting pursuant to para 3.5.1 of Stakeholder Consultation and Engagement Requirements (version 2.1) |

## 1. Key Project Information (आयोजना सम्बन्धि जानकारी)

| SN<br>क्र.सं. | Particulars<br>विषय | Description<br>जानकारी |
|---|---|---|
| 1 | **Project Developer or Coordinating and Managing Entity** | VNV Advisory Services (VNV) is developing this project and will be the Coordinating and Managing entity of the PoA. VNV is a social enterprise based in Singapore and working with communities for the community based solutions to the climate change mitigation. |
| | **आयोजना व्यवस्थापक** | प्रस्तावित कार्यक्रमगत स्वैच्छिक कार्बन उत्सर्जन न्यूनीकरण आयोजनाको प्रबर्द्धक तथा व्यवस्थापक भि.एन.भि. एड्भाइजरी सर्भिसेज रहेको छ। भि.एन.भि. सिंगापुर स्थित सामाजिक उद्यमको क्षेत्रमा क्रियाशील संस्था हो र यो संस्था जलवायु न्यूनीकरणका लागि समुदाय लक्षित कार्यक्रमहरू गर्दै आइरहेको छ। |
| 2 | **Project Participant** | Environment Protection Center, Nepal (EPC) will be PoA participant and will be the technology supplier and implementing partner. EPC is a private company based in Nepal with exclusive experience in deploying household and community based renewable energy systems. Besides, |

| SN<br>क्र.सं. | Particulars<br>विषय | Description<br>जानकारी |
|---|---|---|
| | | EPC expertizes on design and deployment of biomass energy technologies, and community mobilization. |
| | **आयोजना सहभागी** | प्रस्तावित कार्यक्रमगत स्वैच्छिक कार्बन उत्सर्जन न्यूनीकरण आयोजनामा सहभागीको रूपमा वातावरण संरक्षण केन्द्र, नेपाल रहने छ । यस संस्थाले प्रस्तावित आयोजनामा प्रविधि प्रदायक तथा कार्यान्वयन साझेदारको रूपमा कार्य गर्नेछ । यो नेपालमा दर्ता भएको एक नीजी सेवा प्रदायक कम्पनी हो जसले मूलभुत रूपमा घर परिवार र समुदाय लक्षित नविकरणीय ऊर्जा प्रविधिहरूको प्रबर्द्धन गर्दैआएको छ । यसका अतिरिक्त संस्थाको मुलतः जैविक ऊर्जा प्रविधिहरूको प्रबर्द्धन तथा समुदाय परिचालनमा समेत अनुभव रहेको छ । |
| 3 | **Project Technology** | The CME will promote forced draft ICS under the PoA. The project will promote forced draft rocket ICS having a lateral opening for fuel input and a fan also placed laterally. Each stove disseminated under the PoA will reduce the firewood consumption at least by half. |
| | **प्रविधि** | प्रस्तावित कार्यक्रमगत आयोजनामा पङ्खा जडित फलामे सुधारिएको चुलोको प्रबर्द्धन गरिनेछ । आयोजना अन्तर्गत प्रबर्द्धन गरिने चुलोहरूमा पङ्खा तथा दाउरा हाल्नको लागि चुलोको परिधिमा विपरित दिसामा रहने गरी व्यवस्था गरिनेछ । कार्यक्रममा समावेश गरिने प्रत्येक चुलोले दाउराको खपत कम्तिमा आधाले घटाउनेछ । |
| 4 | **Non-technical summary of the Project** | The nexus of consumption of solid biomass with the indoor air pollution and greenhouse gas (GHG) emission is well established. Specifically, the firewood sourced from Nepalese forest does not entirely come from the forest area that is renewable. Therefore, the firewood consumed is fossil in origin that results in irreversible emissions of GHGs. By use of ICS the firewood consumption will be reduced which in a way improve the indoor air pollution and therefore health of family members. In comparison to traditional cookstove, forced draft ICS has efficiency of at least 30% against 10% efficiency of traditional cook stoves. This improvement in efficiency from 10% to 30% results in reduction of consumption of solid biomass resulting into multiple social, economic and environmental benefits.<br><br>In this context, CME intends to promote the aforementioned technology to the targeted communities has demonstrated need to promote ICS in the households. The PoA will be initiated with VPA implementation in one province of Nepal with an aim to achieve national coverage gradually over the PoA life. One VPA under the PoA will be targeted to a specific set of users delineated by a political boundary or any formal or informal platform. Individual set comprising maximum 2,000 ICS will be considered as a project. The CME aims to implement 50,000 ICS per year in the first five years of the PoA period. |

| SN<br>क्र.सं. | Particulars<br>विषय | Description<br>जानकारी |
|---|---|---|
| | **आयोजना बारेको अप्रविधिक संक्षेपीकरण** | ठोस जैविक ऊर्जाको प्रयोगका कारण हुने घरभित्रको वायु प्रदूषण तथा हरितगृह ग्याँसको ऊत्सर्जन एक स्थापित तथ्य हो। विशेषतः नेपालका वन जङ्गलबाट प्राप्त हुने दाउरा सम्पूर्ण रूपमा नविकरणीय स्रोतबाट प्राप्त हुँदैन। त्यसैले त्यसरी प्रयोग हुने दाउराबाट हुने हरितगृह ग्याँसको ऊत्सर्जनले समग्र वायुमण्डलमा हरितगृह ग्याँसको मात्रालाई थप्ने काम गर्दछ। सुधारिएको चुलोको प्रयोगको कारण दाउराको खपत घट्न गई घरभित्रको धुवाँको कम हुने हुनाले घरभित्रको वायुको गुणस्तरको स्थिति सुधारिनुका साथै मानव स्वास्थ्यमा समेत सुधार ल्याउँदछ । परम्परागत चुलोको १०% दक्षताको तुलनामा पङ्खा जडित सुधारिएको चुलोको दक्षता कम्तिमा ३०% रहने हुँदा यसको कारण दाउराको खपतमा कमी आउन गई विभिन्न सामाजिक, आर्थिक र वातावरणीय फाइदा पुग्न जानेछ।<br><br>यस सन्दर्भमा आयोजना व्यवस्थापकले माथि उल्लिखित प्रविधिको प्रयोग मार्फत नेपालमा प्रमाणीत लक्षित समुदायलाई खाना बानाउनको लागि स्वच्छ ऊर्जाको पहुँच पुर्याउने लक्ष्य लिएको छ । आयोजना अन्तर्गतका परियोजनाहरूको कार्यान्वयन एउटा प्रदेशबाट शुरू गरिनेछ र यसलाई कार्यक्रम अवधि भरीमा क्रमिक रूपमा देशव्यापी बनाइनेछ। आयोजना अन्तर्गतको एउटा परियोजनालाई एउटा समुदायमा लक्षित गरिनेछ। त्यस्तो समुदाय राजनीतिक परिधि वा अन्य औपचारिक वा अनौपचारिक माध्यमबाट जोडिएको घरपरिवार हुन सक्नेछन्। लगभग २,००० को सङ्ख्यामा चुलो जडित घरपरिवारहरू भएपछि, त्यस्तो समूहलाई एउटा परियोजनाको रूपमा विकास गरिनेछ। आयोजना व्यवस्थापकले कार्यक्रमको पहिलो पाँच वर्षभित्र वार्षिक ५०,००० को दरले चुलो प्रबर्द्धन गर्ने लक्ष्य लिएको छ। |
| 5 | **Project Related Impacts** | VPAs promoted under the PoA will not pose any significant environmental and social impacts. The VPAs will have no effect on several environmental and social safeguards indicators. Moreover, the PoA will support to conserve the standing forest biomass thereby reducing the conflict over resources. Similarly, since the VPAs do not require exploitation of additional natural resources to establish, it doesn't even require any environmental permits and approvals. Environment Protection Rules of Nepal do not require environmental assessment to be conducted for the promotion of the ICS. Despite these beneficial impacts, the project requires that the baseline stoves are not used in the project scenario which may arise issues related to the social acceptance. This however will be mitigated through the implementation of the behavior change activities. |
| | **आयोजनाको कारण पर्नसक्ने प्रभाव** | आयोजना अन्तर्गत सञ्चालन गरिने परियोजनाहरूका कारण उल्लेख्य वातावरणीय तथा सामाजिक प्रभाव पर्ने देखिँदैन। वातावरणीय तथा सामाजिक सुरक्षणका सूचकहरूमा परियोजनाहरूको कुनै प्रभाव पर्ने देखिँदैन । बरू कार्यक्रमले वन जङ्गलको संरक्षण गर्दै सार्वजनिक सम्पत्ति दोहनबाट हुनसक्ने |

| SN<br>क्र.सं. | Particulars<br>विषय | Description<br>जानकारी |
|---|---|---|
| | | द्वन्द्वलाई घटाउँदछ। त्यसैगरी परियोजनाहरूको स्थापनाको लागि थप प्राकृतिक स्रोतको दोहन आवश्यक नरहने हुँदा वातावरणीय दृष्टिकोणले कुनै अनुमति पत्र पनि आवश्यक रहँदैन । नेपालको वातावरण संरक्षण नियमावलीले पनि सुधारिएको चुलो प्रबर्द्धन गर्ने किसिमका आयोजनाको वातावरणीय अध्ययन गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छैन। प्रस्तुत सकारात्मक प्रभावहरूका बावजुद साविकमा प्रयोग भईरहेको चुलोको प्रयोग नगर्न प्रेरित गर्ने कारणले सामाजिक सर्वस्वीकार्यताको मुद्दाको सम्भावना रहन्छ । यद्यपि आयोजनालाई ग्रहणयोग्य बनाउन व्यवहार परिवर्तनका कार्यक्रमहरूलाई साथसाथै लैजाँदा यस सम्भावित चुनौतीलाई न्यूनीकरण गर्न सकिन्छ। |
| 6 | **Contribution on Sustainable Development Goals (SDGs)** | The project positively benefit towards<br><br>a) Good health and well-being (SDG3);<br>b) Clean Energy Access (SDG7) and<br>c) Reducing CO2 emissions (SDG13).<br><br>     <br><br>In domestic sector, household air pollution is one of the biggest health risks in Nepal which is largely attributed to the use of solid biomass fuel, mainly firewood for cooking purposes. This way of using biomass causes about 8,700 premature deaths annually (WHO, 2009). Health safety concerns from open fire traditional cookstoves are additional risks that contributes to subsequent injuries. The nexus of firewood consumption with the indoor air pollution and greenhouse gas (GHG) emission is well established. Specifically, the firewood sourced from Nepalese forest does not entirely come from the forest area that is renewable. Therefore, the firewood consumed is fossil in origin that results in irreversible emissions of GHGs. By use of ICS the firewood consumption will be reduced which in a way improves the indoor air pollution and therefore health of family members.<br><br>The ICS units will be distributed to the beneficiaries free of cost and the project developer will recover the associated costs with resulting carbon revenues. Integrated to its design the program will support the users with post-installation repair and maintenance services as well as support behavior change activities. These activities will improve the technology acceptance of the users while enhancing access of the clean and affordable energy. |

| SN<br>क्र.सं. | Particulars<br>विषय | Description<br>जानकारी |
|---|---|---|
| | **दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान** | प्रस्तावित आयोजनाले दिगो विकासको लक्ष्य ३ (आरोग्यता तथा कल्याण), लक्ष्य ७ (खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा) र लक्ष्य १३ (जलवायु सम्बन्धि कारबाही) मा अनुकुल योगदान पुर्याउनेछ।<br><br>नेपालमा घरभित्र धुवाँका हुने प्रदूषण एक प्रमुख स्वस्थ्य जोखिमको रूपमा रहने गरेको छ भने यसमा अधिक योगदान मूलतः खाना पकाउने प्रयोग हुने ठोस जैविक ईन्धनका कारण हुने गरेको छ। विश्व स्वास्थ्य संगठनको सन् २००९ को तथ्याङ्क अनुसार यसरी प्रयोग हुने ठोस जैविक ईन्धनका कारण नेपालमा वार्षिक ८,७०० जनाको अकालमा ज्यान जाने गरेको छ। यसको अलावा परम्परागत चूलोबाट खुला आगोका कारण सुरक्षाको जोखिम पनि यथावत नै रहने गर्दछ। ठोस जैविक ईन्धनको प्रयोग र यसका कारण हुने वायु प्रदूषण तथा हरितगृह ग्यासको उत्सर्जनको सम्बन्ध स्थापित तथ्य हो। नेपालका जंगलहरूबाट प्राप्त हुने दाउराहरू अधिकांश गैहनविकरणीय प्रकृतिका हुने हुँदा ऊर्जाको यस्तो स्रोतको प्रयोगबाट हुने हरितगृह ग्यासको उत्सर्जन पनि अपरिवर्तनीय किसिमको हुन्छ। सुधारिएको चुलोको प्रयोगका कारण दाउराको खपत घट्नाले घरभित्रको धुवाँको कारण हुने वायु प्रदूषणमा कमी आई प्रयोगकर्ता परिवारको स्वास्थ्यमा समेत उल्लेख्य योगदान पुग्ने आशा गरिएको छ।<br><br>प्रयोगकर्ताहरूलाई चुलो निःशुल्क वितरण गरिनेछ र सोसँग सम्बन्धित खर्च कार्बन ऊत्सर्जन न्युनीकरणको बिक्रि मार्फत गरिनेछ । जडान पछिको मर्मत सम्भारको सेवाका साथै भान्सा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रमलाई समेत आयोजना कार्यान्वयनको खाकामा समावेश गरिएको छ। यसले गर्दा प्रयोगकर्ताहरूमा प्रविधिको ग्राह्यता बढाउँदै खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा उपलब्ध गराउन योगदान पुग्दछ। |

## 2. Proposed Meeting Agenda (प्रस्तावित स्थानीय सरोकारवालासँगको छलफल कार्यक्रमको रूपरेखा)

| SN<br>क्र.सं. | Activities<br>कृयाकलाप | Time<br>अवधि |
|---|---|---|
| 1. | Registration and networking<br>दर्ता तथा अनौपचारिक छलफल | 11:00-11:15 AM |
| 2. | Invitation to the dais (Programme Chair)<br>आसन ग्रहण तथा औपचारिकता | 11:15-11:30 AM |
| 3. | Welcome and objectives of the consultation<br>स्वागत तथा छलफल कार्यक्रमको उद्देश्य बारे जानकारी | 11:30-11:40 AM |
| 4. | Poster Presentation on use of TCS and ICS | 11:40 AM-12:30 PM |

| SN<br>क्र.सं. | Activities<br>कृयाकलाप | Time<br>अवधि |
|---|---|---|
| | परम्परागत तथा सुधारिएको चुलोको प्रयोग सम्बन्धि सचित्र प्रस्तुतीकरण | |
| 5. | Power point presentation on the programme introduction, objectives, implementation framework, safeguards assessment and grievance redress mechanism.<br>कार्यक्रम सम्बन्धि जानकारीमूलक प्रस्तुतीकरण | 12:30-1:30 PM |
| 6. | Conditions required to participate in the PoA<br>कार्यक्रममा सहभागी हुनको लागि पूरा गर्नुपर्ने शर्तहरू | 1:30-1:45 PM |
| 7. | Feedback on the PoA design by participants<br>कार्यक्रमको ढाँचा बारे सहभागीहरूको टिप्पणी | 1:45-2:15 PM |
| 8. | Q&A session<br>प्रश्नोत्तर | 2:15-3:00 PM |
| 9. | Closing remarks by programme chair<br>कार्यक्रम अध्यक्षद्वारा समापन मन्तव्य | 3:00-3:15 PM |
| 10. | Hi-tea<br>चिया नास्ता | 3:15-4:00 PM |

## 3. Contact Details (सम्पर्क विवरण)

Should the invited stakeholder need to obtain any further information regarding the programme, please contact at the following addresses. Stakeholders are also requested to inform should they deem any relevant stakeholder that should be included in the consultative process from the beginning.

आमन्त्रित सरोकारवालाहरूलाई आयोजना सम्बन्धि थप जानकारी चाहिएमा तल दिईएको ठेगानामा सम्बन्धित सम्पर्क व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला। साथै आमन्त्रित सरोकारवालाहरूलाई प्रस्तावित कार्यक्रममा छुट्न नहुने जस्तो कुनै सरोकारवाला हुनुहुन्छ भन्ने लागेमा समेत तलको ठेगानामा जानकारी गराइदिनुहोला।

| | |
|---|---|
| Project Developer | VNV Advisory Services<br>Telephone: +91 98450 17165<br>E-mail: contact@vnvadvisory.com<br><br>Contact Person: Mr. Sandeep Choudhury<br>E-mail: sandeep@vnvadvisory.com |
| Project Participant | Environment Protection Centre,<br>Telephone: +977 55-690405<br>E-mail: contact@epc-nepal.org<br><br>Contact Person: Mr. Sandip Kumar Kanth<br>E-mail: sandeep@epc-nepal.org<br>Tel: +977 9851120128 |